प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com

प.सं. ०७७/७८
च.नं. ६४

मितिः २०७७/०६/०६

विषय : नमुना विद्यालय विकासको लागि प्रस्ताव पेश गर्ने सुचना ।

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार प्रदेश न. ५ अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये गत आ व मा नमुना विद्यालय विकास कार्यक्रम सञ्चालन भएका विद्यालयहरुमा नमुना विद्यालय निर्माणका लागि प्रति जिल्ला प्रति विद्यालय बढीमा रु २५ लाख अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेकोले तपशिलमा उल्लेख भएका नमुना विद्यालय छनौटका न्यूनतम शर्तहरु पुरा भएका पाल्पा र गुल्मी जिल्लाका विद्यालयहरुले नमुना विद्यालयका शर्त र सुचकहरु पूरा हुने गरी कार्यक्रमको विस्तृत विवरण र कार्यान्वयन योजना निर्माण गरि शिक्षकहरुको स्टाफ मिटिङ्को निर्णय र व्यवस्थापन समितिको निर्णय सहित मिति २०७७।०६।२७ गते भित्र यस सामाजिक विकास डिभिजन कार्यालय पाल्पामा विद्यालय विकास प्रस्ताव सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**शर्तहरु**

१. माध्यमिक विद्यालय सञ्चालन भएको सामुदायिक विद्यालय हुनुपर्ने छ ।

२. नमूना विद्यालयको रुपमा विकास गर्न प्रचलित मापदण्ड बमोजिमको भौतिक र शैक्षिक पूर्वाधार निर्माणको लागि विद्यालय हाता वा हाता नजिक आफ्नो स्वामित्वको तराइमा भए न्युनतम १ विगाहा हिमाल तथा पहाडमा भए न्युनतम ६ रोपनी हुनुपर्नेछ ।

३. विद्यालयको हातासगै जोडिएको जग्गा बाहेक अन्य जग्गाको हकमा बढीमा ५०० मिटरसम्मको दुरीको जग्गालाई मात्र मुल्यांकनमा कायम गरिनेछ ।

४. विद्यालयको भौगोलिक अवस्थिति नेपाल सरकारबाट स्वीकृत वस्ति बिकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ ले निर्धारण गरे बमोजिम प्राकृतिक प्रकोप वाढी पहिरो भुक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टीले जोखिमपूर्ण नरहेको हुनुपर्ने छ ।

५. विद्यालयमा कक्षा १ देखि १० सम्म कम्तिमा ४५० जना विद्यार्थी हुनुपर्नेछ ।

६ विद्यालय व्यवस्थापन समिति गठन भइ क्रियाशील रहेको हुनुपर्नेछ ।

७. विद्यालयले सामाजिक परीक्षण र लेखा परीक्षण वार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको र तोकिएको समयमा विद्यालयको तथ्याङ्क सम्बन्धित निकायमा पेश गरेको हुनुपर्नेछ ।

८.विद्यालयको सामाजिक परीक्षण र लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

९. नमूना विद्यालयको प्रस्ताव साथ सम्बन्धित स्थानिय तहको कुल लागत रकमको कम्तीमा २० प्रतिशत रकम व्यहोर्ने प्रतिवद्धताका साथ सिफारिस पत्र सलग्न गर्नुपर्नेछ ।

(लक्ष्मण प्रसाद ज्ञवाली)